*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ. ७८–८६*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

# चुनौती कथामा नारीवाद

लक्ष्मीकृष्ण श्रेष्ठ

उपप्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, धरान

laxmikrishna52@gmail.com

## लेखसार

प्रस्तुत लेख कथाकार भागीरथी श्रेष्ठको 'चुनौती' (२०५१) कथामा प्रयुक्त नारीवादको विश्लेषणमा आधारित छ । नारीवादी साहित्य तथा समालोचनाको सचेत सुरुवात सन् १९७०को दशकदेखि भएको मानिन्छ । पितृसत्तात्मक समाजको प्रभावमा पुरुषद्वारा नारीमाथि हुने गरेका उत्पीडनका विरुद्धमा नारीवादी समालोचनाले विरोध गर्दै नारीका छुट्टै अनुभव, विषय, शिल्पशैली, संरचना, रूप हुन्छ भन्ने दृष्टिकोण अघि सारेको पाइन्छ । प्रस्तुत लेखमा कथाकार भागीरथी श्रेष्ठको 'चुनौती' कथामा नारीवादका मान्यताहरूको प्रयोग केकसरी भएको छ र यसका माध्यमबाट कस्तो सन्देश दिन खोजिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ । यसमा पुस्तकालयको प्रयोगबाट अध्ययन सामग्री सङ्कलन गरी नारीवादका विभिन्न हाँगामध्ये उदारवादी नारीवादी समालोचनाका प्रमुख मान्यताका आधारमा विवेच्य कथाको विश्लेषण गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको यस लेखमा कथाकार भागीरथी श्रेष्ठले 'चुनौती' कथामा उदारवादी नारीवादलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरेको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : उत्पीडन, नारीवाद, पितृसत्तात्मक, लैङ्गिक विभेद, शोषण

## विषयपरिचय

कथाकार भागीरथी श्रेष्ठको 'चुनौती' कथामा प्रयुक्त नारीवाद चिन्तनको विश्लेषण गर्नु प्रस्तुत लेखको मूल विषय हो । कथाकार श्रेष्ठको *भूमिगत* (२०६२) कथासङ्ग्रहमा सङ्गृहीत नारी समस्यामा आधारित 'चुनौती' कथामा नारीवाद विषयक अध्ययन नै यस लेखको मूल अध्ययनक्षेत्र हो । प्रस्तुत लेखमा उदार नारीवादका प्रमुख मान्यताका आधारमा 'चुनौती' कथामा पाइने नारीसमस्यालाई विश्लेषण गर्ने उद्देश्य राखिएको छ । नेपाली महिलाले पितृसत्तात्मक समाजमा पुरुषबाट भोग्नुपरेका समस्यालाई मूल विषय बनाउने कथाकार श्रेष्ठको 'चुनौती' कथामा समाजमा महिलाले आफ्नै पतिबाट भोग्नुपरेका मानसिक पीडालाई मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ । यिनै समस्याको विश्लेषण गर्नु प्रस्तुत लेखको विषय हो ।

प्रस्तुत 'चुनौती' कथाका बारेमा समालोचकहरूबाट कथातत्त्वका आधारमा विश्लेषण गरिएको भए पनि उदारवादी नारीवादको अवस्था कस्तो छ भन्ने कुराको अध्ययन बाँकी रहेकाले सोही शोधरिक्तता पूरा गर्न प्रस्तुत लेख तयार पारिएको हो । यस कथालाई नारीवादको कोणबाट अध्ययन गरिने र नारीवादका विभिन्न प्रकारमध्ये खासगरी उदारवादी नारीवादको उपस्थिति के कस्तो रूपमा छ भन्ने बारे पनि निश्चित गरिने भएकाले प्रस्तुत लेखको औचित्य प्रमाणित हुन्छ । अन्य सबै पक्षलाई छाडी नारीवादको कोणबाट मात्र अध्ययन गरिनु नै यस लेखको सीमा हो । प्रस्तुत

'चुनौती' कथामा नारीवादको प्रस्तुतिका दृष्टिले कति सार्थक छ र कथाकार श्रेष्ठले प्रस्तुत कथामा नारीवादलाई केकसरी प्रयोग गरेका छन् भन्ने विषय पनि ज्ञात हुने भएकाले यस अध्ययनको उपादेयता देखिन्छ ।

## अध्ययनविधि

कथाकार भागीरथी श्रेष्ठको 'चुनौती' कथामा नारीवाद विषयमा लेख तयार गर्ने क्रममा गुणात्मक ढाँचामा आधारित रहेर अध्ययन गरिएको छ । यसका लागि पुस्तकालयीय अध्ययन पद्धतिबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोत सामग्रीका रूपमा भागीरथी श्रेष्ठको 'चुनौती' कथालाई उपयोग गरिएको छ । अध्ययनका क्रममा नारीवादसँग सम्बन्धित सैद्धान्तिक ज्ञानका साथै कथाकारसँग सम्बन्धित अन्य द्वितीयक सामग्री सङ्कलनका लागि पुस्तकालयीय स्रोतबाट प्राप्त पुस्तक, अनुसन्धान लेख, पत्रिकाआदि सामग्रीलाई उपयोग गरी प्राप्त सामग्रीहरूको अध्ययन, विश्लेषणबाट निष्कर्ष निकालिएको छ ।

## नतिजा र छलफल

### नारीवादको सैद्धान्तिक परिचय

नारीवाद अङ्ग्रेजीको फेमिनिजमको नेपाली रूपान्तर हो । नारीहरूको सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि वर्तमान युगमा सञ्चालित राजनैतिक नारीवादी आन्दोलनसँग नारीवादी साहित्यिक समालोचनाको घनिष्ठ सम्बन्ध छ । समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारधाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिह्न खडा गर्दै यसले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्छ (शर्मा र लुइटेल, २०७२,पृ. ३७१) । 'नारी' शब्दमा 'वाद' शब्द जोडिँदा नारीवाद शब्द बन्छ । 'नर' शब्दमा 'ई' प्रत्यय लागेर नारी शब्द बनेको हो । 'नर'ले पुरुषलाई र 'नारी'ले महिला वा स्त्रीलाई बुझाउँछ । त्यस्तै संस्कृतको 'वद्' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको वाद शब्दले कुनै निश्चित सिद्धान्तलाई बुझाउँछ । (आप्टे, सन् १९९६,पृ. ९१६) यसप्रकार नेपालीमा प्रयोग हुँदै आएको नारीवाद शब्दले नारीका हकहित र अधिकारको संरक्षण गर्ने उद्देश्य राखेर निर्माण गरिएको सिद्धान्त भन्ने अर्थ राख्छ ।

नारीवादी समालोचनाले स्वयम् नारीहरू जीवनबारे के अनुभव गर्छन्, के सोच्छन् र के क्रिया गर्छन् भन्ने गतिविधिलाई विशेष महत्त्व दिन्छ । नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै यसले नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्नेतर्फ दह्रो पाइला चालेको छ (शर्मा र लुइटेल, २०७२,पृ. ३७१) । यसले पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको भूमिकाको खोजी गर्नाका साथै नारीलेखन कस्तो छ त्यसमा उसले आफ्ना विचार र अनुभवहरु कसरी प्रस्तुत गरेकी छ भन्ने जस्ता कुराहरूको अध्ययन गर्दछ (एटम, २०६१, पृ. १५५) ।

सन् १९४९ मा प्रकाशित फ्रान्सेली नारी लेखक साइमन ड बुभाको The Second Sex लाई नारीवादी लेखन तथा आन्दोलनको युगान्तकारी कृतिका रूपमा लिइन्छ । नारीलाई समाजमा निम्न, अधीनस्थ र दोस्रो दर्जाका नागरिक तुल्याइएको छ र पितृसत्तात्मक समाजमा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ भन्ने उनको निष्कर्ष रहेको छ । यसरी बुभाले नारीवादी साहित्यको सूत्रपात र नेतृत्व गरेपछि नारीवादी साहित्य तथा समालोचनाको वास्तविक तथा सचेत प्रयास सन् १९७०को दशकमा भएको हो (शर्मा र लुइटेल, २०७२, पृ. ३७२–

३७३) नेपालीमा चाहिँ वि.सं.२०४०को दशकको मध्यतिर नारीवादी समालोचनाको प्रयोग हुनथालेको पाइन्छ । २०४७ को मार्गको गरिमामा प्रकाशित कृष्ण गौतमको लेख र २०४९को कविता पत्रिकाको ४४ औँ अङ्कमा प्रकाशित गोविन्दराज भट्टराईको लेख नारीवादी समालोचनाका प्रारम्भिक नमुना हुन् (गौतम, २०६६, पृ. ४९) ।

नारीवादी समालोचनाका प्रादेशिक वा क्षेत्रीय, वैचारिक वा चिन्तनगत, राजनीतिक आदि विभिन्न प्रकार वा प्रवृत्तिहरू देखिए पनि निष्कर्षतः प्रवृत्तिगत रूपमा भन्नुपर्दा नारीवादी समालोचनाका क) उदारवादी नारीवादी समालोचना ख) मार्क्सवादी नारीवादी समालोचना ग) आमूल नारीवादी समालोचना घ) आधुनिक समाजवादी नारीवादी समालोचना ङ) उत्तरआधुनिक नारीवादी समालोचना (अधिकारी, २०७४, पृ. ३५) प्रमुख प्रकारका रूपमा देखिन्छन् र ती नारीवादी समालोचनाभित्र सूक्ष्मतः सबै नारीवादी समालोचनाहरू अन्तगर्भित हुन्छन् ।नारीवादी समालोचनाका उपर्युक्त पाँच प्रकारमध्ये सबैभन्दा पुरानो उदारवादी नारीवादी समालोचना हो । मताधिकार, नागरिकता, परिचपत्र र पुरुषसरहको अधिकारको माग गर्दै थालिएको आन्दोलन र अभियान नै उदार नारीवादी समालोचनाको प्रस्थान बिन्दु हो । सर्वप्रथम अठारौँ शताब्दीकी बेलायती लेखिका मेरी उल्स्टन क्राफ्ट (१७५९–१७९९) द्वारा लेखिएको अ भिन्डिकेसन अफ द राइट्स अफ उमन (१७९२) नामक कृतिबाट उदार नारीवादको विकास भएको मानिन्छ (अधिकारी, २०७४, पृ. ३५) ।

उदार नारीवादले समाजमा नारीलाई पुरुष सरह सामाजिक, राजनैतिक र आर्थिक क्षेत्र वा तहमा अवसर प्राप्त हुनुपर्छ, शिक्षा रोजगार आदि क्षेत्रमा उन्नति र प्रगति गर्ने अधिकार पनि पुरुष र नारीलाई समान रूप उपलब्ध हुनुपर्छ तर सनातन पुरुष प्रधान समाज र सामाजिक व्यवस्थाले नारीका यी सम्पूर्ण अधिकारहरू दिलाएको छैन । त्यसैले शिक्षा रोजगार आदि क्षेत्रमा नारीलाई समान अधिकार र अवसर दिएर अगाडि बढाउनु पर्दछ तब मात्र समाजको विद्यमान लैङ्गिक विभेद एवम् शोषण, उत्पीडन समाप्त भई नारी समानता, स्वतन्त्रता तथा लैङ्गिक मुक्ति सम्भव छ भन्ने विचार नै उदार नारीवादी समालोचनाको सार हो (क्षितिज, २०७१, पृ. २९) । यहाँ यिनै मान्यताका केन्द्रित रही 'चुनौती' कथाको समीक्षा गरिएको छ ।

श्रेष्ठ आधुनिक नेपाली कथाको इतिहासमा वि.सं. २०२० सालबाट आरम्भ भएको नवचेतनावादी कालमा देखापरेकी कथाकार हुन् । उनी वि.सं. २०२३ सालमा रुरु पत्रिकामा 'प्रबल इच्छा' शीर्षकको कथा प्रकाशित गराएर नेपाली कथामा प्रवेश गरेकी कथाकार हुन् (लुइटेल, २०६०, पृ.१०) । नवचेतनावादी कालका कथाहरूको मूल विषयक्षेत्र वा भावभूमि जीवनीविषयक विसङ्गतिवादी चेतना नै हो । यस दर्शनले मानवजीवनलाई निराशावादी दृष्टिले हेर्ने भएकाले कुण्ठा, निराशा, विफलता, दुःख, चिन्ता, पीडा, सन्त्रास, शोक आदिलाई यसले जीवनसँग जोडेर हेर्ने गर्दछ (श्रेष्ठ, २०७०, पृ.ख) । भागीरथी श्रेष्ठले आफ्नो कथामार्फत् विशेष गरी यही प्रकृतिका नेपाली महिलाका समस्यालाई उजागर गरेकी छन् ।

भागीरथी श्रेष्ठ मूलतः आख्यानकार हुन् । उनका *मालती* (२०३४) *तथा र एउटा यस्तो आकाश* (२०४६) गरी दुईवटा उपन्यास प्रकाशित छन् । त्यस्तै उनका *क्रमशः* (२०४३), *मोहदंश* (२०४४), *विभ्रम* (२०४९), *रङ्गीन पोखरी* (२०५०), *भूमिगत* (२०६२) र *रातो गुलाफ* (२०६६) गरी छ वटा कथासङ्ग्रह प्रकाशित छन् । दाम्पत्य जीवनका विभिन्न पाटाहरू, सन्तानविहीन परिस्थितिमा मानिसले भोग्नुपर्ने पीडा, कुरूप नारीहरूले भोग्नुपरेका सामाजिक तिरस्कार, पुरानो र नयाँ पुस्ताका बिचमा देखापर्ने भत्कँदै गएका मूल्यहरूजस्ता विषयवस्तुबाट यिनले कथाको निर्माण गरेकी छन् (लुइटेल, २०६०, पृ. १०५) । यिनका कथामा विशेषतः नेपाली पुरातन समाज र उपभोक्तावादी नेपाली पुरुष

सोच र व्यवहारले जन्माएका नेपाली महिलाका समस्या र ती समस्या महिलाहरूले आफैँ समाधान गर्न सक्षम भएको अवस्थाको अभिव्यक्ति पाइन्छ । पछिल्लो समयमा उनलाई दधिराज सुवेदी पुरस्कार प्रतिष्ठानबाट स्थापित राष्ट्रिय भाषा साहित्य पुरस्कार (२०८०) समर्पण गरिएको छ ।

'चुनौती' कथाकार भागीरथी श्रेष्ठ (वि.सं.२००५) द्वारा लिखित नारी समस्याका चुनौतीलाई सामना गर्दै अघि बढेकी साहसी महिलाको कथा हो । यस कथामा भोगविलासमा लिप्त पति बटुकलालले विवाहिता पत्नी चम्पालाई अवहेलना गर्दै सौता भित्र्याउनेसम्मका गतिविधिबाट उत्पन्न चुनौतीको सामना गर्दै कत्ती विचलित नभई अघि बढेकी साहसी महिला चम्पाको जीवनसङ्घर्ष अभिव्यक्त भएको छ । बाआमाको वचन काट्न नसकेर राम्रो जातमा गनिएकी चम्पालाई बटुकलालले बिहे गर्नु, आफूलाई राम्री र सुन्दरी स्वास्नी चाहिने भएकाले बटुकलालले चम्पासँग जीवन नचल्ने कुरा गर्नु, आफ्नी पत्नीलाई नै परस्त्रीसँग मोजमस्ती गरेर फर्केको कुरा गर्नु, नयाँ दुलही भित्र्याउनु तर चम्पाले कुनै विद्रोह नगरी चुपचाप सहनु, नयाँ दुलहीले सम्पूर्ण सम्पत्ति लिएर अर्कैसँग भागेपछि बटुकलाल चम्पाको शरणमा आउनु, आत्मग्लानिले बटुकलालको दुई महिनामा नै मृत्यु हुनु, जीविकाका लागि चम्पाले चिया पसल खोल्नु, छोरालाई राम्रो शिक्षा दिनु, छोरा विद्यालयमा शिक्षक हुनु, बिहे गरिदिएर गृहस्थ जीवन बिताउनु, चम्पाको मृत्यु हुनुसम्मका घटनाक्रमलाई यस कथाले समेटेको छ ।

### 'चुनौती" कथामा नारीवादी चिन्तन

"चुनौती" भागीरथी श्रेष्ठको नारी समस्यामा केन्द्रित कथा हो । यस कथाको केन्द्रीय पात्रका रूपमा चम्पा दिदी रहेकी छ । यस कथाको समाख्याता भने म पात्र हो । यो पत्रात्मक शैलीमा लेखिएको कथा हो । म पात्रले चम्पा दिदीलाई अत्यन्त स्नेह र आत्मीयता राख्ने गरेकी छ । त्यसैले चम्पा दिदीले आफ्नो नितान्त निजात्मक तथा व्यक्तिगत दुःख म पात्रलाई पत्रमार्फत् सुनाएर मन हलुका पारेकी छ । म पात्रलाई पनि चम्पा दिदीले भोगेका सम्पूर्ण कुरा सुन्ने इच्छा थियो । मपात्रको सोही चाहना बमोजिम चम्पा दिदीले पत्रमार्फत् मपात्रलाई सुनाएका आफ्ना कष्टकर विगत र वर्तमान नै यस कथाको विषयवस्तु बनेको छ । सानैमा बुबाको निधन भएका कारण चम्पा र उसकी बहिनीलाई आमाले सम्पन्न परिवारमा विवाह गराइदिएकी थिइन् । त्यति बेलाको समाजमा चम्पाको परिवार राम्रो जातमा गनिन्थ्यो । त्यसबेला राम्रो जातको भएका कारण बटुकलालसँग चम्पाको विवाह भएको थियो । राम्रो जातकी बुहारी भनेर उसले सासूससुराबाट त श्रद्धा र स्नेह पाए पनि लोग्नेबाट पाइन । किनभने बटुकलालले बाबुआमाको करकापमा विवाह गरेको थियो । यहीँबाट नै बटुकलाल र चम्पाको दाम्पत्य जीवनमा अनिष्ट मडारिएको पाइन्छ । राम्रो जातको बुहारी खोज्ने अभिभावकले छोराको चाहना बुझ्न आवश्यक ठानेन । बटुकलालको सोचाइ र चाहनाबाट पुरै अलग पहिचान र स्वभाव भएकी चम्पाको स्तरमा बटुकलाल पटक्कै सुहाउने थिएन । उसको भनाइ थियो–"चम्पा, बाबुआमाको वचन काट्न सकिनँ, तिमीसँग बिहे गर्नुपर्‍यो, तर तिमीसँग मेरो जीवन चल्न सक्दैन । तिमी राम्री छैनौ । मलाई राम्री, सुन्दरी स्वास्नी चाहिन्छ"(पृ. १२६) ।बटुकलालको यस भनाइबाट आफ्नी पत्नीप्रति उसको निकृष्ट दृष्टिकोण प्रस्ट हुन्छ । उसलाई चम्पा के चाहन्छे भन्ने वास्ता छैन । उल्टै चम्पासमक्ष परस्त्री नयनाकहाँ मोजमस्ती गरेर आएको हाकाहाकी सुनाउँछ । "... बहिनी (नयना) को अगाडि त तिमी थाङ्ने कपडाको पोकोजस्ती । अहँ, तिमीसँग मेरो जीवन बित्न सक्दैन होला" (पृ.१२४) । भनेर आफ्नी पत्नी चम्पाको सुन्दरता र यौवनको धज्जी उडाउँदै पटकपटक अपमान गर्छ । चम्पाको सहिष्णुता, सरलता, समर्पण र उदारताले बटुकलाललाई बाँध्न सकेन । यसैको उत्कर्षका रूपमा बटुकलालले परासीबाट एउटी सुन्दर युवतीलाई विवाह गरेर ल्याउँछ । बेहुलाबेहुलीका साथ आउनेका लागि खानाको तथा नयाँ दुलहीका लागि भित्र्याउने व्यवस्था मिलाउन बटुकलालले पत्नी चम्पालाई नै जिम्मेवारी सुम्पन्छ ।

बटुकलालकी कान्छी दुलही परासीमै बस्न चाहन्छे । यसै विषयमा दुवै जनाबिच खटपट परे पनि कान्छी दुलहीको इच्छाको अगाडि बटुकलालको केही लाग्दैन । अन्ततः बटुकलाल चम्पाले बस्ने एउटा घरमात्र बाँकी राखी सबै सम्पत्ति बेचेर कान्छी दुलहीसाथ परासी जान्छ । तर कान्छी दुलहीको नियत सफा थिएन । ऊ माइत गएको एक महिनामा नै सबै गहना र पैसा लिएर अर्कैसँग पोइल जान्छे । केही दिनपछि बटुकलाल गाउँ फर्कन बाध्य हुन्छ । ऊ समाजको अगाडि मुख देखाउन आँट गर्न सक्दैन । ऊ रातदिन रक्सी खान थाल्छ । आखिर कान्छी पत्नी पोइल गएको दुई महिनामा नै बटुकलालको मृत्यु हुन्छ ।

धनीकी बुहारी भए पनि लोग्नेले एक नाले घरबाहेक सारा अचल सम्पत्ति बेचेपछि चम्पालाई जीविका चलाउन गाह्रो हुने भयो । तर चम्पाले यताउता सरसापट गरेर र केही साँचेर राखेका भाँडाकुडा बिक्री गरेर चिया पसल खोल्छे । छोरालाई हुर्काउने, पढाउने र परिवारको सारा अभिभारा चम्पाले पूरा गर्नु, चम्पाको छोरा पढिसकेर स्थानीय विद्यालयमा शिक्षक बन्नु, बिहे भएर सन्तानको जन्म हुनु, चम्पाले चिया पसल छाडेर स्टेसनरी पसल खोल्नु, दुःखको दिन सकिएको आफ्नो विगतका घटनाक्रम चम्पाले पत्रमार्फत् मपात्रलाई अवगत गराएको सन्दर्भबाट जस्तै विषम परिस्थितिमा पनि अविचल रही कर्तव्यपथमा लागिरहने चम्पाको सङ्घर्षशील स्वभाव प्रस्ट हुन्छ । यसप्रकार पितृसत्तात्मक समाजमा नारीको चाहनाको ख्याल नराखी विवाह गरिदिनु, विवाहका लागि नारीको योग्यता कुलीन जातको र पुरुषको योग्यता धनी परिवारको हुनु, पैत्रिक सम्पत्तिमाथि पुरुषको मात्र अधिकार हुनु, पुरुषले आफूखुसी बेचबिखन गर्न पाउनु, बहुविवाहलाई समाजले नै स्वीकृति दिनु, एउटी नारी अर्को नारीको सौता भएर आउन तयार हुनु तथा आफ्नो पति बटुकलालले चम्पासँग जीवन निर्वाह हुन नसक्ने भन्दै पटकपटक अपमान गर्नुजस्ता घटनाक्रमबाट नेपाली समाजमा नारीको कमजोर धरातलीय अवस्था प्रस्ट हुन्छ । यस कथाकी केन्द्रीय पात्र चम्पाद्वारा प्रस्तुत विभिन्न संवाद तथा विचारका अंशलाई साक्ष्यका रूपमा प्रस्तुत गरी यसकथा प्रतिबिम्बित नारीवादलाई यहाँ निम्नअनुसार गरिएको छ ।

साक्ष्य १

"मेरो लोग्नेको रसिक र विलासी स्वभावका भएको तिमीलाई थाहा नभएको होइन । उनको यही विवेकहीन स्वभावको कारण मेरो जीवनको किनारा भत्किदियो" (पृ. १२४) ।

समाजको संरचना पितृसत्तात्मक भएका कारणले गर्दा नारीको मूल्याङ्कन मांसल हुने गर्दछ (क्षितिज, २०७१, पृ.३०) । चम्पाका पति बटुकलाल रसिक र विलासी स्वभावको थियो । उसलाई गानाबजानामा रम्ने र सुरासुन्दरीमा मस्त हुने उसको स्वभाव थियो । बटुकलालको सोच पनि यस्तै छ । त्यसैले त ऊ पटकपटक चम्पालाई छोरो पाएपछि बुढी देखिएकी, ढुङ्गाजस्तै चिसो भएकी र नयनाको अगाडि त थाङ्ने कपडाको पोको जस्ती भन्दै अपमान गर्छ र जीवन बित्न नसक्ने भन्दै चेतावनी दिन्छ । पति बटुकलालको यस प्रकारको निकृष्ट सोच र विवेकहीन स्वभावका कारण घरको सम्पूर्ण व्यवहार चम्पाले नै थाम्नुपर्ने देखिएको थियो । छोराको अभिभावकीय दायित्व पनि उसैले मात्र बोक्नुपरेको थियो । आपतविपत् पर्दा लोग्नेले सहारा दिनुपर्ने थियो तर बटुकलालको गलत सोच र क्रियाकलापकै कारण चम्पाको किनारा अर्थात् सहारा भत्केको थियो भन्ने सन्दर्भ माथिको साक्ष्यले प्रस्तुत गरेको छ ।

साक्ष्य २

"मैले के अठोट गरेँ भने कसैका सम्मुख आफ्नो दुर्बल आँसु देखाउने छैन । सम्पूर्ण पीडालाई आफूभित्रै लुकाउनेछु" (पृ· १२६) ।

पतिपत्नीबिच मायाप्रेम र सम्मानको भाव रहेमा मात्र दाम्पत्यजीवन सफल हुन्छ । तर 'चुनौती' कथाकी चम्पा र उसका पति बटुकलाल पतिपत्नी भए पनि उनीहरूको सम्बन्ध देखावटीमात्र छ । बाबुआमाको इच्छामा विवाह गर्नुपरेकाले बटुकलालले चम्पालाई पत्नीको रूपमा स्वीकारेको छैन । मांसल प्रेममा विश्वास राख्ने बटुकलाल पत्नीकै अगाडि परस्त्रीसँग भेटेर आएको कुरा गर्छ । यसको पराकाष्ठाका रूपमा बटुकलालले परासीबाट राम्री पत्नी विवाह गरेर ल्याउँछ । घरमा भित्र्याउने, खानपानसम्बन्धी सम्पूर्ण व्यवस्थापन चम्पाले नै गर्नुपर्छ । पितृसत्तात्मक समाजले बटुकलाललाई बहुविवाह गर्न छुट दियो । यसबाट चम्पाको हृदयमा कस्तो चोट पर्छ भन्ने बारे बुझेन । दाम्पत्य जीवन सार्थक होस् भन्ने चाहना सबैको हुन्छ । चम्पाको पनि त्यस्तो चाहाना हुनु स्वाभाविक नै चम्पा आफ्ना पतिले दिएको पीडा र त्यसको परिणाम र चुनौतीलाई सामना गर्न मानसिक रूपले तयार छे । उसमा विद्रोही चेतना जागृत भएको छ । उसको त्यही मानसिक अवस्था र दृढसङ्कल्प माथिको साक्ष्यबाट प्रस्ट भएको छ ।

साक्ष्य ३

"मैले लोग्ने, सौता, आफन्त र समाजका अगाडि आफूलाई ध्वंस भएको देखाइनँ र कहिल्यै पनि आफ्नो पीडाजनक अभिव्यक्ति पनि व्यक्त गरिनँ" (पृ.१२७) ।

बहुविवाहलाई तत्कालीन पितृसत्तात्मक समाजले सहजै स्वीकार गरेकै कारण पत्नी हुँदाहुँदै अर्को विवाह गरेर घरमै भित्र्याउनुलाई बटुकलालले सामान्य ठान्दै उसले परासीबाट विवाह गरेर नयाँ दुलही भित्र्याएको छ । यसबाट चम्पालाई कस्तो असर पर्छ र समग्र पारिवारिक अवस्थामै पनि कस्तो नकारात्मक असर पर्छ भन्ने बटुकलालले ख्याल गरेको छैन । यस अवस्थामा पनि चम्पाले लोग्ने, आफन्त र समाजका अगाडि आफूमा परेको पीडा र असहज अवस्थालाई व्यक्त गरेकी छैन । माथिको साक्ष्य ३ ले चम्पामा रहेको आफूलाई कमजोर नदेखाउने नारीवादी विद्रोही चेतनालाई प्रस्ट पारेको छ ।

साक्ष्य ४

"मैले लोग्नेलाई प्रस्ट भनेँ– "तपाईंका लागि म कुरूपा हुँ, मुर्दातुल्य हुँ । तपाईं आफ्नै कोठामा जानुस् । यस कोठामा आउन तपाईं सपनामा पनि नचिताउनुहोला" (पृ.१२७) ।

मांसल सौन्दर्यमा विश्वास गर्ने बटुकलालले घरमा चम्पाजस्ती सुशील पत्नी हुँदाहुँदै परासीबाट अर्की दुलही विवाह गरेर घरमा भित्र्यायो । नाच्ने र गाउने सोख भएकी नयाँ दुलही र हार्मोनियम बजाउन सिपालु बटुकलाल सधैँ कोठा थुनेर गानाबजानामा मस्त रहन्थे । केही समयपछि नै उनीहरू बिच खटपट सुरुभएको थियो । एक पटक बटुकलाल चम्पाको कोठामा रात बिताउन थाहन्थ्यो । आफ्नो पति बटुकलालले चम्पाको सौन्दर्य र नारी अस्तित्व र आफ्नो दाम्पत्य जीवनकै अपमान गर्दै अर्को विवाह गरेको थियो । आफ्नो अस्तित्वमाथि धावा बोलिएपछि जीवनमा आइपर्ने हरेक चुनौतीलाई सामना गर्दै जीवनको रथ अगाडि बढाइरहेकी चम्पालाई आफ्नो चरित्रहीन लोग्नेसँग सम्झौता गर्नु थिएन । तसर्थ लोग्ने बटुकलालको लोलोपोतोलाई ठाडै अस्वीकार गर्दै चम्पाले माथिको संवाद व्यक्त गरेकी हो । उपर्युक्त साक्ष्य ४ ले चम्पाको त्यही नारी विद्रोही चेतनालाई व्यक्त गरेको छ ।

साक्ष्य ५

"उनको अधोगति देखेर खै किन हो ममा पटक्कै सहानुभूति पलाएन, बरु सन्तोष लाग्थ्यो मनमा" (पृ. १२८) ।

बटुकलालकी कान्छी दुलही सारा सम्पत्ति बेचेर माइत परासी जान चाहन्थी । नयाँ दुलहीको जिद्दी सामु बटुकलालको केही लागेन । एउटा एकनाले घर बाँकी राखी सबै घरखेतबारी बेचेर उनीहरू परासी गए । चम्पा जान मानिन । तर एक महिना लगत्तै नयाँ दुलही सारा सम्पत्ति लिएर पोइल हिँडी । अन्ततः बटुकलाल हारेको सिपाहीझैँ घर फर्क्यो । समाजको अगाडि मुख देखाउन सकेन । ऊ दिनभरि घरमै रक्सी खाएर बस्न थाल्यो । आफ्नो सधैँ अपमान गर्ने पतिको यस्तो दयनीय अवस्था देखेर ऊप्रति चम्पामा सहानुभूति नपलाउनु, बरु सन्तोष लाग्नुले चम्पामा पलाएको प्रतिशोधको भावनालाई माथिको साक्ष्य ५ ले सङ्केत गरेको छ ।

साक्ष्य ६

"लोग्नेको मृत्यमा रुन मेरो आँसुको मूल फुटेन । बरु एउटा बोझमुक्त भएको सम्झेँ । सत्य बहिनी, रातो चुरा, रातो टीका र रातो सारी लगाउने रहर भने मेटिएको थिएन । यही सम्झेर मेरा आँखाहरू रसाएका थिए धेरैबेरसम्म" (पृ.१२८) ।

नयाँ दुलही पोइल गएपछि घर फर्केको बटुकलाल रक्सीको कुलतले एक महिनामै संसार त्याग्न पुग्यो । लोग्नेको अपमानले ढुङ्गो भइसकेको चम्पा उसको मृत्युमा अलिकति पनि दुःखी भइन । बरु चम्पालाई एउटा बोझ हल्का भएको महसुस भयो । विवाहित नेपाली हिन्दू नारीलाई प्रिय लाग्ने पहिरन भनेको रातो टीका, रातो चुरा र रातो सारी हो । तत्कालीन हिन्दू नारीले पतिको मृत्युसँगै यी सबै कुरा त्याग्नुपर्थ्यो । यही कारणले मात्र चम्पाको आँखा रसाएका थिए । माथिको साक्ष्य ६ ले आफ्नो अस्तित्वको खिल्ली उडाउने पतिप्रति नझुक्ने चम्पाको विद्रोही नारी स्वभाव तथा उसमा जीवित नेपाली हिन्दू नारीको संस्कारलाई व्यक्त गरेको छ ।

## कथाको शीर्षकद्वारा व्यक्त नारीवाद

प्रस्तुत कथाको शीर्षक 'चुनौती' रहेको छ । यसको शाब्दिक अर्थ हुन्छ – 'कसैलाई कुनै विषयमा दिइने उत्तेजक आह्वान, हाँक, ललकार'(पोखरेल र अन्य, २०४०, पृ.४२०)। यस कथामा पति बटुकलालले पत्नी चम्पालाई असह्य पीडा दिएको छ । शारीरिक रूपले सुन्दर महिला नयनासँग मोजमस्ती गरेर आएको कुरा पत्नी चम्पालाई नै सुनाउने धृष्टता गर्नाले उसमाथि आफूलाई संयमतापूर्वक घरपरिवार सम्हाल्ने 'चुनौती' थपिएको छ । झन् बटुललालले तामझामका साथ बिहे गर्नु, बिहेमा जानेलाई खानपान, नयाँदुलहीलाई भित्र्याउने व्यवस्थाको जिम्मेवारी चम्पालाई नै सुम्पनुले पत्नीलाई अलिकति पनि इज्जत नगर्ने पितृसत्तात्मक पुरुषवादी सोचको पराकाष्ठा देखिन्छ । यस अवस्थामा आफूलाई सम्हाल्दै चम्पा अघि बढेकी छ । पतिले घरछाडेर जाँदा वा पतिको मृत्युपश्चात् पनि चम्पाले आफू संयमतापूर्वक अविचलित भई चियापसल सञ्चालन गरेर आफ्नो जीविका चलाएकी छ । यसप्रकार चम्पामा रहेको विद्रोही स्वभाव प्रस्ट हुन्छ । यसप्रकार प्रस्तुत कथाको शीर्षकले पितृसत्तात्मक समाजका प्रतिनिधिका रूपमा रहेको बटुकलालले पत्नी चम्पालाई दोस्रो दर्जाको रूपमा हेर्दै अपमान गरेको र चम्पाले पनि पतिले दिएको जतिपनि उत्पीडनका 'चुनौती'लाई सामना गर्दै अघि बढेको देखाइएको कुरालाई सङ्केत गरेको छ । यसप्रकार प्रस्तुत कथाको शीर्षक 'चुनौती' बाट नारीवर्गले पुरुष वर्गद्वारा गरिएका अन्याय, अत्याचार तथा उत्पीडनको 'चुनौती'लाई नारीवर्गले सामना गर्दै अघि बढेको देखाइएकाले यसबाट नारीवादी विद्रोही भावना व्यक्त भएको देखिन्छ ।

## पुरुषको नारीप्रतिको दृष्टिकोण

पितृसत्तात्मक समाजमा पुरुषले नारीलाई मनोरञ्जनको साधन, दासी, भोग्या आदिका रूपमा मात्र हेर्दछ । तसर्थ यस प्रकारको सोच भएको पुरुषले शारीरिक रूपमा सुन्दर नारी नै उत्कृष्ट हुन्छन् भन्ने मान्यता राख्नु कुनै

अनौठो भएन । 'चुनौती' कथाका पुरुष पात्र बटुकलालले आफ्नी पत्नी चम्पालाई यही उत्कृष्टताको कसीमा अनुत्तीर्ण भएको भनी बारम्बार अपमान गरेको छ । बटुकलालको नारीप्रतिको दृष्टिकोण उसको पत्नीसँगको निम्न संवादबाट प्रस्ट हुन्छ –

> चम्पा, म आज नयना बहिनीकहाँ गएर मोजमस्ती गरेर फर्केको छु । आहा कति राम्री नयना, कस्तो राम्रो शरीर जहाँ स्पर्श गरे पनि तृप्ति र आनन्दको स्वाद पाइने । खै, तिमी त एउटा छोरो पाउने बित्तिकै बुढीजस्ती । ढुङ्गाजस्ती चिसी । न त अनुहार राम्रो छ, न त शरीर नै उत्तेजक छ । बहिनीका अगाडि त तिमी थाङ्ने कपडाको पोकोजस्ती । अहँ, तिमीसँग मेरो जीवन बित्न सक्दैन होला । (पृ. १२४)

माथिको साक्ष्यले बटुकलालको पत्नीलाई हेर्ने दृष्टिकोणलाई प्रस्ट पारेको छ । उसलाई पत्नीको शील, स्वभाव, आनीबानी, चालचलनबारे केही वास्ता छैन । उसका लागि पत्नीको योग्यता भनेको शारीरिक सुन्दरता नै हो । त्यसैले बटुकलालले आफ्नी पत्नीलाई नयना बहिनीसँग तुलना गर्दै नयनाजस्तै सुन्दर र उत्तेजक नभएकै कारणले पत्नी चम्पासँग जीवन बित्न सक्दैन होला भन्ने ठान्छ । नयाँ दुलही लिएर आउँछ र भित्र्याउने, खानपानको व्यवस्थापनको जिम्मेवारी पनि पत्नी चम्पालाई नै सुम्पन्छ । यसबाट पनि बटुकलालले पत्नी चम्पालाई त भोग्याकै रूपमा र उपयोग गर्ने वस्तुकै रूपमा मात्र हेरेको प्रस्ट हुन्छ । त्यसै गरी नयाँ दुलहीको साथ लागेर एक पाखे घरबाहेक सबै सम्पत्ति बेचेर बटुकलाल परासी जानु र उक्त सम्पत्ति बिक्री गर्दा पत्नी चम्पालाई एक वचन नसोध्नु, ती सम्पत्तिमाथि चम्पाको अधिकार नभएको देखाइनुले पितृसत्तात्मक तत्कालीन नेपाली समाजमा सम्पत्तिमाथिको अधिकार पुरुषमा मात्र भएको प्रस्ट हुन्छ । तत्कालीन नेपाली समाजले पुरुषद्वारा गरिने बहुविवाहलाई स्वीकृति दिनुले पनि पुरुषको नारीमाथि हैकमवादी सोचमा समाजको मौन स्वीकृति रहेको अनुभव गर्न सकिन्छ । यसप्रकार पुरुषले नारीलाई दोस्रो दर्जाको रूपमा मात्र हेर्ने गरेको तथ्य प्रस्तुत 'चुनौती' कथामा बटुकलालको पत्नी चम्पालाई गरेको निकृष्ट व्यवहारबाट प्रस्ट हुन्छ ।

**निष्कर्ष**

'चुनौती' कथाकार भागीरथी श्रेष्ठ (वि.सं.२००५) द्वारा लिखित नारी समस्यामा केन्द्रित कथा हो । पितृसत्तात्मक नेपाली समाजका प्रतिनिधिका रूपमा देखिएको बटुकलालले आफ्नी विवाहिता पत्नी चम्पालाई आफूले बाबुआमाको करकापले मात्र विवाह गरेको, पटकपटक बाह्य सुन्दरताको अभाव भएको भनेर अपमान गर्दै नयाँ दुलही घरमा भित्र्याएको, नयाँ दुलही भित्र्याउने जिम्मा पनि चम्पालाई नै सुम्पेको, चम्पालाई नसोधी सारा सम्पत्ति बिक्री गरेर कान्छी दुलहीका साथ परासी गएको घटनाबाट नारीजातिलाई भोग्याको रूपमा मात्र हेर्ने तत्कालीन नेपाली समाजको यथार्थ चित्र प्रस्ट हुन्छ । कान्छी दुलहीले सारा सम्पत्ति लिएर अर्कैसँग भागेपछि अन्ततः बटुकलाल आफ्नो घर फर्कंदा चम्पाले आफ्ना पतिलाई कुनै प्रतिशोधको भावना नराखी निस्पृह भएर आश्रय दिनु, जीवनमा आइपरेका जस्तोसुकै चुनौतीलाई सामना गर्दै पारिवारिक कर्तव्य निर्वाह गर्नाले उसमा रहेको उदार नारीवादी चिन्तन प्रस्ट हुन्छ । पतिले बारम्बार अपमान गर्दै सौता भित्र्याउँदा होस् वा सारा सम्पत्ति बेचबिखन गरेपछि जीवनमा आर्थिक विपत्ति आइपर्दा होस् वा पतिको मृत्युहुँदा होस् कत्ति विचलित नभई जीवनमा आइपरेका हरेक चुनौतीलाई सामना गर्दै चम्पा आफ्नो कर्तव्यपथमा अघि बढेको घटनाबाट पितृसत्तात्मक समाज र यसका प्रतिनिधि पुरुषले नारीलाई दोस्रो दर्जाका रूपमा हेर्न खोजेपनि नारीले आफूलाई पुरुषसरह सक्षम भएको प्रमाणित गरेको प्रस्ट पारेको छ । यसप्रकार 'चुनौती' कथामा कथाकार भागीरथी श्रेष्ठले उदारवादी नारीवादलाई कलात्मक ढङ्गबाट उपस्थापन गरिएको प्रस्ट हुन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, ज्ञानु (२०७४), *साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना,* साझा प्रकाशन ।

आप्टे, वामन शिवराम (सन् १९९६) *संस्कृत–हिन्दी कोश* (पुनर्मुद्रण), मोतीलाल बनारसदास पब्लिसर्स प्राइवेट लिमिटेड ।

क्षितिज, महेश (२०७१), *व्यावहारिक समालोचनाका केही आयाम,* दीक्षान्त प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप,* साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण, त्रिपाठी, वासुदेव, दाहाल, वल्लभमणि, वज्राचार्य, धनवज्र र तमोट, काशीनाथ. (२०४०), *नेपाली बृहत् शब्दकोश,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, लीला (सम्पा.) (२०६०), *नेपाली महिला कथाकार,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौ.सं.), विद्यार्थी पुस्तक भण्डार।

श्रेष्ठ, भागीरथी (२०६८), *भूमिगत* (दो.सं.), साझा प्रकाशन ।